Article DOI: https://doi.org/10.3126/shss.v2i1-2.100542
Spectrum of Humanities and Social Sciences (SHSS)
A Multidisciplinary Bilingual Journal
ISSN 3059-9849; Volume 2, Issue 1-2, September 2026, pp. 147-152
Indexed in Nepal Journals Online (NepJOL)

Open access article

Original Article

# वैदिक-कौटिलीय आर्थिक मोडेल: आधुनिक आर्थिक संकटको वैकल्पिक तथा नैतिक रूपरेखा
## [Vedic-Kautilyan Economic Model: An Alternative and Ethical Framework for Modern Economic Crises]

उमेश उपाध्याय (Umesh Upadhyaya)[1]

[1]Graduate School of Humanities and Social Sciences, Mid-West University, Nepal

**Abstract**

*वर्तमान विश्वव्यापी अर्थतन्त्र अनियन्त्रित पूँजीवादको चरम उपभोक्तावाद र साम्यवादको राज्य-केन्द्रित कठोरताको दोसाँधमा परेर वैचारिक संकटबाट गुज्रिरहेको छ। यस पृष्ठभूमिमा प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य पूर्वीय दर्शनमा आधारित 'वैदिक साम्यवाद' को नैतिक जग र 'कौटिलीय अर्थशास्त्र' को संस्थागत नियमनको संश्लेषण गरी एउटा दिगो, सन्तुलित र व्यावहारिक 'तेस्रो मार्ग' (The Balanced Third Way) को रूपरेखा प्रस्तुत गर्नु हो। यो अनुसन्धान गुणात्मक (Qualitative) र व्याख्यात्मक/रचनावादी प्रतिमान (Interpretive/Constructivist Paradigm) मा आधारित छ, जहाँ ऋग्वेद, अथर्ववेद, विभिन्न स्मृतिहरू र कौटिलीय अर्थशास्त्र जस्ता प्राथमिक शास्त्रीय स्रोतहरू र आधुनिक विद्वानहरूका भाष्यहरूको विषयगत विश्लेषण (Thematic Analysis) र अवधारणात्मक संश्लेषण (Conceptual Synthesis) गरिएको छ। अध्ययनको मुख्य निष्कर्ष अनुसार, वैदिक साम्यवादले 'अपरिग्रह' र 'तेन त्यक्तेन भुञ्जीथा' मार्फत पुँजीको मानवीकरण र सामूहिक हितको 'दार्शनिक आत्मा' (Moral Soul) प्रदान गर्दछ भने आचार्य कौटिल्यले 'योगक्षेम' (कल्याणकारी राज्य), 'मधुकर' कर प्रणाली, राजकीय उद्योग र 'कण्टकशोधन' (भ्रष्टाचार नियन्त्रण र सुशासन) मार्फत त्यसलाई 'संस्थागत शरीर' (Institutional Body) प्रदान गरेका छन्। यो संश्लेषित मोडेलले व्यक्तिगत उद्यमशीलतालाई स्थान दिँदै पनि सामाजिक न्याय, वातावरणीय दिगोपन (SDGs) र कठोर सुशासन सुनिश्चित गर्दछ। 'समाजवाद-उन्मुख' संवैधानिक संकल्प बोकेको नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि बजार अराजकता, मिटरब्याज संकट, चुरे दोहन र वित्तीय भ्रष्टाचार नियन्त्रण गर्न यो मोडेल एक मौलिक र व्यावहारिक नीतिगत मार्गचित्र हुन सक्ने प्रमाणित गरिएको छ।*

**Article Info.**

**Article History**
Received: 5 June 2026
Revised: 5 July 2026
Accepted: 20 August 2026

**Corresponding Author**
उमेश उपाध्याय
: umeshbharadwaaj@gmail.com

**Copyright Information**
Copyright 2025 © The author(s). This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

**Publisher**
Graduate School of Humanities and Social Sciences, Office of the Dean
Mid-West University
Birendranagar, Surkhet,
https://muodgshss.edu.np

**Keywords:** वैदिक साम्यवाद, योगक्षेम, अपरिग्रह, कण्टकशोधन, तेस्रो मार्ग।

[**Abstract:** *The contemporary global economy is experiencing a profound ideological crisis, caught between the extreme consumerism of unregulated capitalism and the rigid state-centrism of state communism. Against this backdrop, this research paper aims to synthesize the ethical foundations of "Vedic Communitarianism" (Vedic Samyavad) and the institutional statecraft of "Kautilyan Economics" to present a balanced and viable "Third Way." This study adopts a qualitative, interpretive, and constructivist paradigm, employing thematic analysis and conceptual synthesis of primary classical sources, including the Rigveda, Atharvaveda, various Smritis, and Kautilya's Arthashastra, alongside modern academic commentaries. The primary findings reveal that while Vedic Communitarianism provides the "moral soul" of the economic model through concepts like Aparigraha (non-accumulation), Yajna (collective production), and Trusteeship (Tena Tyaktena Bhunjitha), Kautilya operationalizes this soul into an "institutional body" through Yogakshema (the welfare state), Madhukara (progressive taxation), state monopolies, and Kantakashodhana (rigorous anti-corruption and governance). This synthesized framework accommodates private initiative while guaranteeing social justice, environmental sustainability, and administrative transparency. Ultimately, for a developing nation like Nepal, which holds a constitutionally mandated "socialism-oriented" economic vision, this synthesized Vedic-Kautilyan model provides a highly practical, culturally rooted policy blueprint to mitigate market failures, predatory lending crises, ecological degradation, and institutional corruption.*]

### परिचय

वर्तमान विश्वव्यापी विकास बहस एक गहिरो वैचारिक संकटबाट गुज्रिरहेको छ।केहि शताब्दी देखि पश्चिमी दर्शनमा आधारित, अनियन्त्रित पूँजीवाद र उपयोगिता अधिकतमीकरण (Utility Maximization) जस्ता सिद्धान्तहरूद्वारा निर्देशित विकासका प्रमुख मोडेलहरूले अभूतपूर्व आर्थिक वृद्धि हासिल गरेता पनि यसले गम्भीर सामाजिक, वातावरणीय र नैतिक चुनौतीहरू पनि सिर्जना गरेको छ। बढ्दो आर्थिक असमानता, गम्भीर पारिस्थितिकीय ह्रास, र शासन प्रणालीमा नैतिक मूल्यहरूको क्षयीकरणले यो स्पष्ट पारेको छ कि केवल भौतिकवादी र नाफा-केन्द्रित विकासको मोडेल दिगो हुन सक्दैन (उपाध्याय, २०२४)। यही संकटको पृष्ठभूमिमा, विश्वभरका विद्वानहरू विकासका लागि वैकल्पिक, समग्र र नैतिक रूपमा आधारित गैर-पश्चिमी दर्शनहरूको खोजी गरिरहेका छन्, जसले यस अनुसन्धानको सान्दर्भिकतालाई पुष्टि गर्दछ।

यसै सन्दर्भमा, यो अनुसन्धानले "वैदिक आर्थिक सिद्धान्त" लाई एक सशक्त र ऐतिहासिक रूपमा प्रमाणित वैकल्पिक ढाँचाको रूपमा प्रस्तुत गर्दछ। यो सिद्धान्त वेद, उपनिषद्, स्मृति र विशेषगरी कौटिल्यको *अर्थशास्त्र* जस्ता ग्रन्थहरूमा आधारित छ। जसले मानव जीवनका चार लक्ष्य—धर्म (नैतिकता), अर्थ (समृद्धि), काम (इच्छा), र मोक्ष (मुक्ति)—अर्थात् 'पुरुषार्थ' को अवधारणालाई आफ्नो केन्द्रमा राख्दछ (उपाध्याय, २०२४)। यो दर्शनले आधुनिक अर्थशास्त्रको विपरीत, 'अर्थ' (धन) लाई साध्य नमानी 'धर्म' को नैतिक सीमाभित्र रहेर हासिल गरिने साधनको रूपमा स्थापित गर्दछ। यसरी, आर्थिक गतिविधिलाई व्यक्तिगत लाभभन्दा माथि उठाएर सामूहिक कल्याण (सर्वलोकहितम्) को बृहत्तर लक्ष्यसँग जोडिन्छ, जसले विकासको बहसलाई एक नैतिक आयाम प्रदान गर्दछ।

आधुनिक युगमा, योगी नरहरिनाथ जस्ता द्रष्टाहरूले यस दर्शनलाई "वैदिक साम्यवाद" को संज्ञा दिएका छन् (नरहरिनाथ, २०१५)। यद्यपि, यो शब्दलाई कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा प्रतिपादित पाश्चात्य साम्यवादसँग भ्रमित हुनबाट जोगाउनु अत्यावश्यक छ। मार्क्सवादी साम्यवाद ऐतिहासिक भौतिकवाद (historical materialism) र वर्ग-संघर्ष (class struggle) को सिद्धान्तमा आधारित छ, जसको अन्तिम लक्ष्य निजी सम्पत्तिको उन्मूलन गरी वर्गविहीन समाजको स्थापना गर्नु हो (Marx & Engels, 1848)। यसको ठीक विपरीत, नरहरिनाथ (२०१५) द्वारा व्याख्या गरिएको वैदिक साम्यवाद भौतिकवादमा नभई आत्मा-परमात्माको आध्यात्मिक चिन्तनमा आधारित छ; यसको मूल आधार वर्ग-संघर्ष होइन, बरु 'सर्वे भवन्तु सुखिनः' (सबै सुखी रहून्) को सर्वकल्याणको भावना हो; र यसको लक्ष्य भौतिक समानता मात्र नभई 'वसुधैव कुटुम्बकम्' (विश्व एक परिवार हो) को नैतिक र आध्यात्मिक एकता हो।

वैदिक दर्शनको यो नैतिक आधारशिलालाई एक व्यावहारिक र सुसंगठित राज्य-प्रणालीमा परिणत गर्ने ऐतिहासिक कार्य आचार्य चाणक्य (कौटिल्य) ले गरेका हुन्। चाणक्यले आफ्नो सूत्रमा राज्य, धर्म, अर्थ र सुखबीचको अविभाज्य सम्बन्धलाई *"सुखस्य मूलं धर्मः, धर्मस्य मूलमर्थः, अर्थस्य मूलं राज्यम्"* (सुखको मूल धर्म हो, धर्मको मूल अर्थ हो, र अर्थको मूल राज्य हो) भनेर सूत्रबद्ध गरेका छन् (Bista, 2026. ;गैरोला, १९९६, चाणक्य-सूत्र, १-३)। यो क्रमले स्पष्ट पार्छ कि राज्यको सञ्चालन आर्थिक समृद्धिका लागि, आर्थिक समृद्धि नैतिक व्यवस्थाका लागि, र नैतिक व्यवस्था नागरिकको सुखका लागि हुनुपर्दछ। विकेन्द्रित, "धर्म-केन्द्रित समुदाय" बाट कौटिल्यको मार्गदर्शनमा एक बढी केन्द्रीकृत "अर्थ-केन्द्रित कल्याणकारी राज्य" मा भएको यो संक्रमणले जटिल राज्य-व्यवस्थामा वैदिक सिद्धान्तहरूको अनुकूलनशीलता र व्यावहारिक प्रयोज्यता प्रदर्शन गर्दछ। यसरी, वैदिक साम्यवादको दार्शनिक आदर्श र कौटिलीय अर्थशास्त्रको व्यावहारिक राज्य-व्यवस्थाको संश्लेषणले एक यस्तो अद्वितीय "वैदिक-कौटिलीय आर्थिक मोडेल" निर्माण गर्दछ, जुन यस अनुसन्धानको मूल विषय हो।

प्राज्ञिक वृत्तमा पूर्वीय आर्थिक र कौटिल्लीय राज्य प्रणालीबारे विद्यमान साहित्यहरूलाई तीनवटा मुख्य विषयगत धार र स्थापित आधुनिक सामाजिक-आर्थिक सिद्धान्तहरूको त्रिकोणीय लेन्स (Theoretical Triangulation) मार्फत बुझ्न सकिन्छ। पहिलो धारले पुरुषार्थको सीमाभित्र धर्म (नैतिकता) लाई अर्थ (धन) भन्दा माथि राख्दै अनियन्त्रित नाफाको होडलाई नियन्त्रण गर्दछ (उपाध्याय, २०२४, पृ. ८)। मनुस्मृति (२.२२४) को निर्देश र योगी नरहरिनाथ (२०१५, पृ. ३५२) को *"मानवता नै वास्तविक वैदिक साम्यवाद हो"* भन्ने विचारले यसको पुष्टि गर्छन्। दोस्रो धार अन्तर्गत 'यज्ञ' र 'अपरिग्रह' का माध्यमबाट धनको पुनर्वितरण गरी सामुदायीक आत्मनिर्भरता हासिल गर्ने र केन्द्रीकरण रोक्ने सन्तुलित व्यवस्था देखिन्छ (उपाध्याय, २०२५, पृ. १४–१५; गैरोला, १९९६, पृ. ४५)। तेस्रो धारले प्रारम्भिक वैदिक समाजको विकेन्द्रित संरचना कसरी कौटिल्यको युगमा पुग्दा एक व्यवस्थित र राज्य-केन्द्रित "योगक्षेम" (Welfare State) को कानुनी ढाँचामा रूपान्तरण भयो भन्ने देखाउँछ, जुन वैदिक दर्शनको अस्वीकृति नभई त्यसको तार्किक विस्तार हो (Kangle, 1965, p. 112)। यसलाई अमितजई एट्जियोनी (Etzioni, 1998, p. 24) को समुदायवाद (Communitarianism), डगलस नर्थ (North, 1990, p. 3) को संस्थागत अर्थशास्त्र (Institutional Economics), र अमर्त्य सेन (Sen, 1999, p. 87) को क्षमता दृष्टिकोण (Capability Approach) का माध्यमबाट मूल्याङ्कन गर्दा यो मोडेल एक उत्कृष्ट "नैतिक कल्याणकारी राज्य" (Ethical Welfare State) को रूपमा प्रमाणित हुन्छ।

प्रस्तुत अनुसन्धानको प्राथमिक उद्देश्य पश्चिमा विकास मोडेलका सीमाहरूलाई चिर्दै वैदिक-कौटिलीय आर्थिक मोडेललाई आधुनिक अर्थिक संकटको नैतिक र व्यावहारिक रूपरेखाका रूपमा स्थापित गर्नु हो। यस बृहत् उद्देश्यलाई पूरा गर्न अध्ययनले मुख्यतया तीनवटा विशिष्ट लक्ष्यहरू निर्धारण गरेको छ। पहिलो, वर्तमान विश्व र विशेष गरी नेपाल जस्ता राष्ट्रका लागि प्राचीन "वैदिक साम्यवाद" को सैद्धान्तिक, नैतिक र दार्शनिक आधारहरू स्पष्ट रूपमा निरूपण गर्नु हो। दोस्रो, कौटिल्लीय अर्थशास्त्रभित्र परिकल्पना गरिएका राज्य-निर्देशित कल्याणकारी व्यवस्थाहरू जस्तैः कर प्रणाली, बजार नियमन, र भ्रष्टाचार नियन्त्रणका संस्थागत संयन्त्रहरूको गहिरो विश्लेषण गर्नु हो। तेस्रो, वैदिक आदर्शहरूको 'नैतिक आत्मा' र कौटिल्लीय शासनको 'व्यावहारिक शरीर' को संश्लेषण गरी वर्तमान बजार विफलता, चरम आर्थिक असमानता र पर्यावरणीय संकट जस्ता समकालीन चुनौतीहरूको समाधानका लागि नेपालको संविधानले निर्देश गरेको 'समाजवाद-उन्मुख' अर्थव्यवस्था सुहाउँदो मौलिक र व्यावहारिक नीतिगत मार्गचित्र (Policy Roadmap) प्रस्तुत गर्नु यस अध्ययनको मूल ध्येय रहेको छ।

**उद्देश्यहरू**

अध्ययनका उद्देश्यहरू हासिल गर्न यो अनुसन्धान ६ वटा केन्द्रीय प्रश्नहरूको निरूपणमा केन्द्रित छ। जसले दार्शनिक तहदेखि व्यावहारिक कार्यान्वयनसम्मको खोजी गर्दछन्। पहिलो प्रश्नले "वैदिक साम्यवाद" लाई एक अद्वितीय प्रणालीका रूपमा परिभाषित गर्ने आधारभूत आर्थिक सिद्धान्त र विशेषताहरू पहिल्याउँछ। दोस्रो प्रश्नले वैदिक रूपरेखाभित्र धन (अर्थ), सामूहिक कल्याण (यज्ञ), र स्रोत व्यवस्थापन (अपरिग्रह) को अन्तरसम्बन्धलाई केलाउँछ। तेस्रो प्रश्नले विकेन्द्रित वैदिक समुदाय र कौटिल्यको केन्द्रीकृत कल्याणकारी मोडेल बीचको वैचारिक संक्रमणमाथि ध्यान केन्द्रित गर्दछ। चौथो प्रश्नले वैदिक नैतिक आदर्शहरूलाई व्यावहारिक प्रणालीमा ढाल्न कौटिल्यले प्रयोग गरेका विशिष्ट राजकीय संयन्त्र र संस्थाहरूको खोजी गर्दछ। पाँचौं प्रश्नले यस संश्लेषित मोडेलले नेपाल जस्ता विकासोन्मुख देशहरूको आर्थिक असमानता, बजार विफलता र वातावरणीय अस्थिरतालाई सम्बोधन गर्न कसरी नीतिगत योगदान पुऱ्याउन सक्छ भन्ने कुरा परीक्षण गर्दछ। छैटौं प्रश्नले वैदिक परम्पराभित्रका ऐतिहासिक र सामाजिक विरोधाभासहरू (जस्तैः जन्ममा आधारित वर्ण व्यवस्था) लाई आलोचनात्मक रूपमा परिमार्जन गर्दै आधुनिक लोकतान्त्रिक र समतावादी समाजका लागि कसरी सुहाउँदो बनाउन सकिन्छ भन्ने समाधानमुखी विश्लेषणमा केन्द्रित छ।

## अनुसन्धान विधि

यस अध्ययनमा गुणात्मक, व्याख्यात्मक तथा अन्वेषणात्मक ढाँचालाइ आधार मानिएको छ। यसले "वैदिक साम्यवादमा अर्थव्यवस्था" को दार्शनिक गहिराइ र ऐतिहासिक विशिष्टता बुझ्न सघाउँनेछ। यसको दार्शनिक आधारलाई रचनावादी सत्तामीमांसा, व्याख्यात्मक ज्ञानमीमांसा र मूल्य-भारित मूल्यमीमांसाको त्रिकोणात्मक परिप्रेक्ष्यमा रहि विश्लेषण गरिएको। जसले प्राचीन संस्कृत ग्रन्थहरूलाई भौतिक सत्यका रूपमा मात्र नभई सहस्राब्दीदेखि व्याख्या हुँदै आएको 'वैचारिक वास्तविकता' का रूपमा स्विकार्छ (Bist & Kandel, 2025)। रूपमा वैचारिक र सैद्धान्तिक प्रकृतिको भएकाले यसमा द्वितीयक स्रोतहरूको उपयोग गरिएको छ। जहाँ ऋग्वेद, अथर्ववेद, मनुस्मृति र कौटिल्यको अर्थशास्त्रका विशिष्ट पाठहरू संकलन गर्न उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरिएको छ। यी पाठ्य सामग्रीहरू संकलनका लागि पुस्तकालय कार्य र अनलाइन प्राज्ञिक डेटाबेसहरू (JSTOR, Google Scholar) को उपयोग गर्दै 'Content Mining' र 'Documentary Analysis' विधिको सहायता लिइएको छ। संकलित गुणात्मक सामग्रीहरूको व्यवस्थित विश्लेषणका लागि कोठारी (2004, p. 31) द्वारा प्रस्तावित

पद्धतिको अनुसरण गर्दै विषयगत विश्लेषण र अवधारणात्मक संश्लेषण विधि अपनाई डाटाहरूलाई 'नैतिक आधार', 'राज्यको भूमिका' र 'सामूहिक कल्याण' जस्ता थिमहरूमा वर्गीकरण गरिएको छ। प्राज्ञिक मर्यादा र वैधताका लागि अनुसन्धानका नैतिक मापदण्डहरू पालना गरिएको छ।

**वैदिक साम्यवादको परिभाषा र तात्विक स्वरूप**

'साम्यवाद' शब्द संस्कृतको 'साम्य' (समानता/समभाव) र 'वाद' (सिद्धान्त) मिलेर बनेको हो। यसले स्रोत, साधन र अवसरहरूमा सबैको समान पहुँच र अधिकार रहने व्यवस्थालाई बुझाउँछ। आधुनिक मार्क्सवादी साम्यवादले "ऐतिहासिक भौतिकवाद" (Historical Materialism) र वर्ग-संघर्ष (Class Struggle) लाई आधार मान्दै राज्यको बल प्रयोगद्वारा निजी सम्पत्तिको पूर्ण उन्मूलन (Marx & Engels, 1848) मा जोड दिन्छ। यसको विपरीत, वैदिक साम्यवादको अवधारणा निकै व्यापक, आध्यात्मिक र नैतिकतामा आधारित रहेको छ। यसले केवल भौतिक वस्तुको समानतालाई मात्र नहेरी 'आत्मा' को एकात्मता र ब्रह्माण्डीय सन्तुलनलाई केन्द्रमा राख्दछ। ऋग्वेदको संज्ञान सूक्तले *"समानी व आकूतिः समाना हृदयानि वः"* (१०.१९१.४) मार्फत सबैको संकल्प, हृदय र मनमा एकरूपता हुनुपर्ने सन्देश दिँदै समाजलाई एउटा 'जीवन्त शरीर' (Organic Whole) का रूपमा परिभाषित गर्दछ। यहाँ साम्यवाद राज्यको डरले लादिएको कानुन नभएर व्यक्तिको भित्री चेतनाबाट प्रस्फुटित 'धर्म' हो। योगी नरहरिनाथ (२०१५) ले तर्क गरेझैं, "वैदिक साम्यवादको आधार वर्ग-विद्वेष होइन, बरु 'सर्वे भवन्तु सुखिनः' को सामूहिक संकल्प र सहकार्य हो" (पृ. ३५५)।

वैदिक साम्यवादको व्यावहारिक कार्यान्वयनको सबैभन्दा बलियो कडी 'यज्ञ' हो। अर्थशास्त्रीय दृष्टिकोणबाट यज्ञ केवल घिउ र जौ अर्पण गरिने धार्मिक कर्मकाण्ड मात्र नभएर एक 'सामूहिक उत्पादन प्रणाली' (Collective Mode of Production) र 'पुनर्वितरणको संयन्त्र' (Redistributive Mechanism) हो। स्वामी सदानन्द (१९३८) ले यज्ञका तीन आयामहरू देवपूजा, संगतिकरण (श्रमको सामूहिकीकरण) र दान (सम्पत्तिको त्याग वा वितरण) द्वारा आर्थिक सन्तुलन कायम गर्ने प्रस्ट्याएका छन्। यज्ञको दर्शनले सिकाउँछ कि कुनै पनि उत्पादन व्यक्तिगत प्रयासको प्रतिफल मात्र नभई प्रकृति र समाजको साझा योगदान हो। यज्ञको अन्त्यमा हवि (श्रम/लगानी) बाट बचेको वस्तुलाई 'प्रसाद' का रूपमा सामूहिक सम्यकता (Collective Equity) का साथ ग्रहण गरिन्छ। ऋग्वेदको *"समानी प्रपा सह वोऽन्नभागः"* (१०.१९१) को आदर्शले जल र भोजन जस्ता आधारभूत स्रोतहरूमा सामूहिक स्वामित्व हुनुपर्ने प्रमाणित गर्दछ।

**पुरुषार्थ चतुष्टय: अर्थ र धर्मको सन्तुलित अर्थशास्त्र**

मानव जीवनको समग्रतालाई धर्म, अर्थ, काम र मोक्षमा विभाजन गर्ने पुरुषार्थ चतुष्टयले आर्थिक गतिविधिलाई नैतिक नियम (धर्म) को अधीनमा राखेको पाइन्छ (मनुस्मृति, २.२२४)। बार्हस्पत्य अर्थशास्त्रले *"जगतो मूलं धनं"* भन्दै धनलाई जीवनको आधार माने पनि यसको आर्जन र उपभोग सधैँ धर्मद्वारा निर्देशित हुनुपर्ने अनिवार्य सर्त राखेको छ (कन्नोमल, १९२४)। आधुनिक अर्थशास्त्रले 'Utility Maximization' (उपयोगिताको अधिकतमीकरण) र नाफालाई जोड दिँदा नैतिकता ओझेलमा पर्छ।तर यसको विपरीत, वैदिक अर्थशास्त्रमा धर्मले 'नियामक' (Regulator) को काम गर्दछ। उपाध्याय (२०२४) का अनुसार, "वैदिक मोडेलमा धन (अर्थ) र इच्छा (काम) तब मात्र वैध हुन्छन् जब ती नैतिक नियम (धर्म) द्वारा निर्देशित हुन्छन्।" पुरुषार्थको अन्तिम लक्ष्य 'मोक्ष' (आध्यात्मिक स्वतन्त्रता) को अर्थशास्त्रीय निहितार्थ 'असीमित सञ्चयको अन्त्य' हो, जसले बजारमा हुने 'होर्डिङ' (Hoarding) र कृत्रिम अभावलाई रोक्दछ र व्यक्तिगत पुँजीलाई 'सामाजिक पुँजी' (Social Capital) मा रूपान्तरण गर्दछ।

**स्वामित्वको अवधारणा: 'तेन त्यक्तेन भुञ्जीथा' र 'Trusteeship'**

आधुनिक पुँजीवादले 'पूर्ण निजी स्वामित्व' लाई र मार्क्सवादले 'पूर्ण राज्य स्वामित्व' लाई जोड दिन्छन्। तर, वैदिक अर्थशास्त्रले 'ईश्वरीय स्वामित्व' वा 'सामाजिक नासो' (Trusteeship) को मध्यमार्गी सिद्धान्त अघि सारेको छ। यसको जग ईशावास्योपनिषद् को पहिलो मन्त्रमा पाइन्छ— *"तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम्"* अर्थात् जगत्का सम्पूर्ण स्रोत र सम्पत्तिमा ब्रह्माण्डीय वा दैवी अधिकार छ, त्यसैले मानिसले यसलाई 'त्यागपूर्ण भाव' ले मात्र उपभोग गर्नुपर्दछ, सम्पत्तिमा आफ्नो एकाधिकार खोज्नु हुँदैन (पण्डित, १८९५)।

ऋग्वेदको 'समानी प्रपा' (१०.१९१) को अवधारणाले जल, जङ्गल र जमिन जस्ता स्रोतहरूलाई 'साझा प्राकृतिक पुँजी' (Common Pool Resources) का रूपमा परिभाषित गर्दछ। राहुल साङ्कृत्यायन (१९५६) ले जैमिनिको मीमांसा सूत्र "न भूमिदेया स्यात्" (भूमि निजी हुन सक्दैन) लाई उद्धृत गर्दै वैदिक कालमा भूमि 'साझा' रहेको ऐतिहासिक पुष्टि गरेका छन्। अपरिग्रहको सिद्धान्तले सञ्चयको व्यावहारिक सीमा तोक्दछ। मनुस्मृति (४.७) ले 'कुसुलधान्यक' (तीन वर्षका लागि पुग्ने सञ्चय) देखि 'अश्वस्तनिक' (भोलिको लागि पनि सञ्चय नगर्ने) सम्मका स्वामित्वका तहहरू निर्धारण गरेको छ (द्विवेदी, १९१७)। यसको उद्देश्य बजारमा 'कृत्रिम अभाव' (Artificial Scarcity) र एकाधिकार रोक्नु हो।

**वितरणको सिद्धान्त: 'मघोन' र 'दान' को अर्थशास्त्र**

वैदिक साम्यवादमा वितरण 'सामाजिक कर्तव्य' र 'नैतिक उत्तरदायित्व' मा आधारित छ। ऋग्वेदमा धन सञ्चय गर्नेलाई भन्दा त्यसलाई प्रवाह गर्ने उदार दातालाई 'मघोन' वा 'मघवा' भनी सम्मान गरिएको छ (Sastry, 1950)। वितरणको सबैभन्दा सशक्त दार्शनिक आधार ऋग्वेदको दशौँ मण्डलको दानस्तुति सूक्त (१०.११७.६) मा पाइन्छ: *"मोघमन्नं विन्दते अप्रचेताः... केवलाघो भवति केवलादी"* अर्थात् जसले अरूलाई नबाँडी एक्लै खान्छ, उसले भोजन होइन, केवल पाप खाइरहेको हुन्छ (पण्डित, १८९५)। दानस्तुति सूक्तले धनलाई रथको पाङ्ग्रा (Chariot Wheel) सँग तुलना गरेको छ, जुन निरन्तर घुमिरहन्छ र धनको पुनःवितरणलाई 'Velocity of Circulation' को रूपमा गतिशील बनाउँछ, जसले गर्दा उपभोग बढ्छ र पुनः उत्पादनको चक्र सक्रिय हुन्छ (सातवलेकर, १९३९)।

**श्रमको गरिमा र कार्यात्मक सामाजिक संरचना (Division of Labor)**

वैदिक साम्यवादले श्रमलाई केवल जीविकोपार्जनको माध्यम मात्र मान्दैन, यसलाई 'पूजा' (Work is Worship) को रूपमा आध्यात्मिक गरिमा प्रदान गर्दछ। ऋग्वेदको 'पुरुष सूक्त' मा समाजलाई एउटा 'जीवन्त शरीर' (Organic Whole) को रूपमा चित्रण गरिएको छ, जहाँ शरीरका विभिन्न अङ्गहरू (हात, खुट्टा, टाउको, मुख) को कार्य फरक-फरक भए तापनि ती सबैको महत्त्व बराबर हुन्छ। यस आङ्गिक अवधारणाले वर्ग-संघर्षको सट्टा 'वर्णगत-सहकार्य' (Class Cooperation) को वकालत गर्दछ (द्विवेदी, १८९२)। वैदिक कालमा श्रम विभाजन योग्यता र सीपमा आधारित थियो भन्ने प्रमाण ऋग्वेद (१.११०.४) मा पाइने 'ऋभु' (Trained/Specialized Artisans) हरूको प्रसङ्गले दिन्छ, जसले आफ्नो असाधारण शिल्प र प्रविधिको ज्ञानबाट देवत्व प्राप्त गरेका गरेका थिए। यो आजको 'योग्यताप्रणाली' (Meritocracy) को प्राचीनतम स्वरूप हो।

**कौटिल्लीय राज्य प्रणालीमा 'योगक्षेम' र कल्याणकारी व्यवस्था**

आचार्य कौटिल्यले वैदिक कालका स्वेच्छिक नैतिक आदर्शहरूलाई 'दण्डनीति' र 'राजकीय नियमन' मार्फत सुदृढ कल्याणकारी राज्य (Welfare State) मा रूपान्तरण गरे (गैरोला, १९८४)। कौटिल्यले राज्यको अस्तित्वको मूल आधार 'योगक्षेम' लाई मानेका छन्।

योग (Yoga): अप्राप्त वस्तुको प्राप्ति (Acquisition of unacquired resources)।
क्षेम (Kshema): प्राप्त वस्तुको संरक्षण र सुव्यवस्था (Preservation and equitable distribution)।
कौटिल्यले 'दण्डनीति' (Rule of Law) लाई योगक्षेमको आधार मान्दै राजालाई प्रजाको सेवक वा 'ट्रस्टी' को रूपमा उभ्याएका छन्: *"प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्..."* (अर्थशास्त्र, १.१९.३४)। कौटिल्यको कल्याणकारी नीतिले अनाथ, वृद्ध, विधवा र अपाङ्गहरूको पालनपोषणको पूर्ण जिम्मेवारी राज्यलाई सुम्पिएको छ: *"बालवृद्धव्याधितव्यसयनानां अनाथान् च बिभृयात्"* (२.१.२६)। यो अमर्त्य सेनको क्षमता दृष्टिकोणको प्राचीन तर बढी बाध्यकारी रूप हो, जहाँ सामाजिक सुरक्षा दयाको विषय नभएर राज्यको 'अनिवार्य कानुनी दायित्व' हो।

**कर प्रणाली, राजकीय उद्योग र बजार नियमन**

कौटिल्यको कर प्रणाली मौरीले फूललाई चोट नपुर्‍याई मह संकलन गरे जस्तै 'मधुकर' (Honeybee) प्रवृत्तिमा आधारित रहेको छ (५.२.७०)। उनले कृषि उत्पादनको छैठौं भाग करका रूपमा लिने व्यवस्था गरे पनि संकटको समयमा कर मिनाहा र राज्यकोषबाट खाद्यान्न ऋण दिने प्रावधान राखेका थिए। कौटिल्यको मान्यतामा भूगर्भभित्र रहेका खनिज र धर्तीका बहुमूल्य स्रोतहरू राज्यको साझा सम्पत्ति हुन्: *"आकरप्रभवः कोषः कोषाद्दण्डः प्रजायते..."* (२.१२.३७) अर्थात् खानीहरूबाट कोष पैदा हुन्छ, कोषबाट सैन्य शक्ति र त्यसैबाट राज्य सुशोभित हुन्छ। उनले नुन उद्योग, मदिरा उद्योग, वस्त्र उद्योग र शस्त्रागार जस्ता रणनीतिक क्षेत्रहरूमा राजकीय एकाधिकार (State Monopoly) कायम गरे। बजारको नियमनका लागि उनले 'पण्याध्यक्ष' (Director of Trade) को शक्तिशाली संस्थागत व्यवस्था गरे, जसले वस्तुको मूल्य निर्धारण गर्दथ्यो। कौटिल्यले नाफाको कानुनी हदबन्दी तोकेका थिए: स्वदेशी वस्तुमा बढीमा ५ प्रतिशत र आयातित विदेशी वस्तुमा बढीमा १० प्रतिशत नाफा लिन पाइन्थ्यो (गैरोला, १९८४)। उनले व्यापारीहरूको सिन्डिकेट र कृत्रिम अभाव सिर्जना गर्ने कार्यलाई कडा आर्थिक दण्डको व्यवस्था गरेका थिए।

**सुशासन, भ्रष्टाचार नियन्त्रण र 'कण्टकशोधन'**

कौटिल्यले आर्थिक पारदर्शिता र सुशासनलाई समृद्धिको पूर्वसर्त मानेका थिए। उनले सरकारी कर्मचारीहरूले राजकीय कोष हिनामिना गर्न प्रयोग गर्ने '४० प्रकारका गफन' (Embezzlement) को अत्यन्तै सूक्ष्म पहिचान गरेका छन् (गैरोला, १९८४)। उनले कर्मचारीको लोभी स्वभावलाई माछाले पानी पिए जस्तै (२.९.३३) गुप्त रूपमा हुने भन्दै 'कण्टकशोधन' (प्रशासनका बाधाहरू हटाउने प्रक्रिया) र कडा अक्षपटल (अडिट) प्रणाली मार्फत सुशासनको प्रत्याभूति गरेका थिए।

## प्राप्ति र छलफल

**पुँजीवाद, मार्क्सवादी साम्यवाद र वैदिक-कौटिलीय मोडेलको तुलनात्मक विश्लेषण**

आधुनिक पुँजीवादी मोडेलले 'Individual Greed' लाई प्रोत्साहन दिँदा चरम आर्थिक असमानता (Stiglitz, 2012) र वातावरणीय संकट निम्त्यायो। अर्कोतर्फ, मार्क्सवादी साम्यवादले उत्पादनका साधनमा पूर्ण राज्य स्वामित्व र केन्द्रीय योजना मार्फत व्यक्तिगत स्वतन्त्रता र उद्यमशीलतालाई समाप्त पार्दा नागरिकको क्षमता कुण्ठित हुन पुग्यो (Sen, 1999)। यी तीनवटा प्रणालीहरू बीचको तात्विक र संरचनात्मक भिन्नतालाई निम्न तालिकामा तुलना गरिएको छ:

**तालिका १:** *पुँजीवाद, मार्क्सवादी साम्यवाद र वैदिक-कौटिलीय मोडेल बीचको तुलनात्मक विश्लेषण*

| तुलनाको आधार | पुँजीवाद (Capitalism) | मार्क्सवादी साम्यवाद (Marxism) | वैदिक-कौटिलीय मोडेल |
|---|---|---|---|
| **१. दार्शनिक आधार** | 'व्यक्तिगत लोभ' र स्वार्थलाई विकासको इन्जिन मानिन्छ (Smith, 1776)। | 'ऐतिहासिक भौतिकवाद' र वर्ग-संघर्षलाई इतिहासको आधार मानिन्छ (Marx & Engels, 1848)। | 'धर्म' (नैतिकता) र 'सर्वलोकहितम्' (सामूहिक कल्याण) लाई आधार मानिन्छ (ऋग्वेद १०.१९१.४)। |
| **२.स्वामित्व** | पूर्ण निजी स्वामित्व (Absolute Private Property)। राज्यको भूमिका न्यूनतम रहन्छ। | निजी सम्पत्तिको अन्त्य र उत्पादनका साधनमा पूर्ण 'राज्य स्वामित्व' (State Ownership)। | 'ट्रस्टीसिप' (Trusteeship) र 'साझा स्वामित्व'। केही रणनीतिक क्षेत्रमा राजकीय एकाधिकार (कौटिल्य २.१२.३७)। |
| **३. बजार संयन्त्र** | 'अदृश्य हात' (Invisible Hand) वा अनियन्त्रित खुला बजार। | 'केन्द्रीय योजना' (Central Planning) मार्फत बजारको पूर्ण नियन्त्रण। | 'राज्य-निर्देशित बजार' (Regulated Market)। नाफा र मूल्यको कानुनी सीमा (कौटिल्य २.१६.१)। |
| **४. मुख्य लक्ष्य** | पुँजीको संचय र नाफाको अधिकतमीकरण (Profit Maximization)। | वर्गविहीन समाजको स्थापना र भौतिक वस्तुको समान वितरण। | 'योगक्षेम' अर्थात् नागरिकको समग्र भौतिक र आध्यात्मिक हित (कौटिल्य १.१९.३४)। |
| **५. द्वन्द्व व्यवस्थापन** | बजारमा 'प्रतिस्पर्धा' (Competition) मार्फत योग्यको अस्तित्व सुनिश्चित गरिन्छ। | 'क्रान्ति' र वर्ग-युद्ध मार्फत शोषणको अन्त्य गरिन्छ। | 'सहकार्य' (Class Cooperation) र 'दण्डनीति' मार्फत न्याय कायम गरिन्छ (गैरोला, १९८४)। |
| **६. प्रकृति/पर्यावरण** | प्रकृतिलाई 'उपभोगको वस्तु' र कच्चा पदार्थको स्रोत मानिन्छ। | प्रकृतिलाई औद्योगिक विकासको साधनका रूपमा हेरिन्छ। | पृथ्वीलाई 'माता' (Mother Earth) र साझा पुँजी मानिन्छ (अथर्ववेद १२.१.१२)। |
| **७. वितरणको आधार** | 'क्रयशक्ति' (Purchasing Power) मा आधारित बजार वितरण। | राज्यद्वारा लादिएको 'समान वितरण' (State-led Rationing)। | 'त्यागपूर्ण उपभोग' र राजकीय पुनर्वितरण (Redistribution) (ईशावास्योपनिषद्, १)। |

यो तुलनात्मक विश्लेषणले के प्रमाणित गर्दछ भने, पुँजीवाद 'व्यक्तिवाद' मा हरायो र मार्क्सवाद 'राज्यवाद' मा कठोर भयो। वैदिक-कौटिलीय मोडेलले भने 'मानवतावाद' (Humanism) र 'नैतिक नियमन' को माध्यमबाट यी दुवैको अतिवादलाई सन्तुलित गर्दै एक व्यावहारिक र न्यायपूर्ण 'तेस्रो मार्ग' निर्माण गरेको छ।

**वातावरणीय न्याय, दिगो विकास (SDGs) र वातावरणीय साम्यवाद**

वर्तमान जलवायु परिवर्तनको संकट प्रकृतिलाई केवल कच्चा पदार्थको साधन मान्ने पश्चिमा औद्योगिक मोडेलको परिणाम हो (UNEP, 1987)। वैदिक-कौटिलीय मोडेलको 'वातावरणीय साम्यवाद' (Environmental Communism) ले अथर्ववेदको भूमि सूक्तको आदर्श *"माता भूमिः पुत्रोऽहं पृथिव्याः"* (१२.१.१२) मार्फत पृथ्वीलाई आमा र प्राकृतिक स्रोतलाई 'साझा पुँजी' मान्दछ।

अथर्ववेद (१२.१.३५) को दिगो पुनरुत्पादनको सिद्धान्त *"यत्ते भूमे विखनामि क्षिप्रं तदपि रोहतु..."* ले आजको 'Circular Economy' को अवधारणालाई बलियो दार्शनिक आधार प्रदान गर्दछ। कौटिल्यले यसलाई व्यावहारिक रूप दिँदै 'कुप्याध्यक्ष' र 'अभयवन' (Protected Forests) मार्फत वन र वन्यजन्तुको राजकीय संरक्षण र पर्यावरण बिगार्नेलाई कडा दण्डको व्यवस्था गरेका थिए (गैरोला, १९८४)। यो व्यवस्था संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यहरू (विशेष गरी SDG 12: Responsible Consumption, SDG 13: Climate Action, र SDG 15: Life on Land) सँग पूर्णतः तादात्म्य राख्दछ।

**नेपालको सन्दर्भमा सान्दर्भिकता र नीतिगत मार्गचित्र**

नेपालको वर्तमान आर्थिक संकट र बजारको अराजकतालाई सम्बोधन गर्न यो मोडेल अत्यन्तै व्यावहारिक देखिन्छ:

- *बजार अराजकता र सिन्डिकेटको अन्त्य:* नेपालको बजार अहिले बिचौलिया र कार्टेलिङको चंगुलमा छ। कौटिल्लीय 'पण्याध्यक्ष' मोडेल अनुसार राज्यले अत्यावश्यक वस्तुहरूको उत्पादन लागतका आधारमा नाफाको सीमा (५ देखि १० प्रतिशत) कानुनी रूपमै तोकी बजारमा हस्तक्षेप गर्नुपर्दछ (गैरोला, १९८४)।
- मिटरब्याज र वित्तीय शोषणको समाधान: नेपालमा मिटरब्याज र लघुवित्तको ऋणको पासो ग्रामीण गरिबहरूको ठूलो समस्या हो। याज्ञवल्क्य स्मृति (२.३७) को मासिक १.२५ प्रतिशतको व्याजदर सीमा र व्याजले साँवालाई उछिन्न नपाउने 'दामदुप्पट' को नियम लागू गर्दा विपन्न वर्गलाई वित्तीय दासत्वबाट जोगाउन सकिन्छ (उपाध्याय, २०२४)।
- *भ्रष्टाचार नियन्त्रण र सुशासन:* नेपाल भ्रष्टाचार सूचकाङ्कमा अझै पनि उच्च जोखिममा छ (Transparency International, 2023)। कौटिल्यले पहिचान गरेका ४० प्रकारका गफन (Embezzlement) लाई आधार मानी आधुनिक डिजिटल अडिट (Digital Audit) प्रणाली र कर्मचारीको सम्पत्ति प्रमाणीकरणलाई कडा बनाउनु आवश्यक छ।
- *चुरे क्षेत्र र प्राकृतिक स्रोतको संरक्षण:* चुरे क्षेत्रको जथाभाबी बालुवा-ढुङ्गा उत्खनन रोक्न प्राकृतिक स्रोतलाई 'व्यापारिक वस्तु' होइन, 'राष्ट्रिय साझा पुँजी' घोषणा गरी कौटिल्लीय 'कुप्याध्यक्ष' को कडा नियमन र दिगो दोहनको नीति अवलम्बन गरिनुपर्दछ (Joshi, 1957)।

**पुँजीको मानवीकरण र राज्यको अभिभावकत्व: मोडेलको एकीकृत ढाँचा**

यस अनुसन्धानले विवेचन गरेका सबै पक्षहरूलाई निम्न तालिकामा संक्षेपीकरण गरिएको छ, जसले वैदिक 'आदर्श' र कौटिल्लीय 'संयन्त्र' को संश्लेषणलाई प्रस्तुत गर्दछ:

**तालिका २:** *वैदिक-कौटिलीय आर्थिक मोडेलको एकीकृत संरचना*

| आयाम | वैदिक जग (आदर्श) | कौटिल्लीय संयन्त्र (व्यावहारिकता) | अन्तिम लक्ष्य (Outcome) |
|---|---|---|---|
| **१. स्वामित्व** | 'तेन त्यक्तेन भुञ्जीथा' (Trusteeship) | राजकीय एकाधिकार र साझा स्रोतको नियमन | निजी एकाधिकारको अन्त्य र 'साझा स्वामित्व' |
| **२. उत्पादन** | 'यज्ञ' (सामूहिक उत्पादन) | राजकीय उद्योग र कृषि (सीताध्यक्ष) | आत्मनिर्भर र सामूहिक उत्पादन प्रणाली |
| **३. वितरण** | 'मघोन' र दानको अर्थशास्त्र | न्यायोचित कर र कोष्ठागार (PDS) | पुँजीको सामाजिक प्रवाह र अकाल व्यवस्थापन |
| **४. श्रम** | श्रम पूजा र योग्यता (ऋभु) | श्रम कानुन र ज्याला नियमन | 'श्रमको गरिमा' र Meritocracy को स्थापना |
| **५. उपभोग** | 'अपरिग्रह' (लोभ नियन्त्रण) | बजार नियमन र नाफाको सीमा | दिगो उपभोग र बजार सन्तुलन |
| **६. सुशासन** | 'ऋत' (नैतिक नियम) | कण्टकशोधन र ४० प्रकारका गफन नियन्त्रण | भ्रष्टाचारमुक्त र पारदर्शी कर्मचारीतन्त्र |
| **७. प्रकृति** | 'माता भूमिः' (पर्यावरण) | वन र खानीको राजकीय संरक्षण | वातावरणीय न्याय र दिगो विकास (SDGs) |

## निष्कर्ष

प्रस्तुत अनुसन्धानले यो स्पष्ट रूपमा स्थापित गरेको छ कि वैदिक आदर्शहरूको 'नैतिक आत्मा' र कौटिल्लीय राज्यको 'व्यावहारिक शरीर' को संश्लेषणले वर्तमान पुँजीवाद र साम्यवादको अतिवाद बीच एक उत्कृष्ट 'तेस्रो मार्ग' (The Balanced Third Way) को रूपरेखा प्रस्तुत गर्दछ। वैदिक साम्यवादले 'अपरिग्रह' र 'तेन त्यक्तेन भुञ्जीथा' मार्फत पुँजीको मानवीकरण र सामूहिक हितको आधारशिला खडा गर्दछ भने कौटिल्लीय अर्थशास्त्रले 'योगक्षेम' (कल्याणकारी राज्य), प्रगतिशील कर प्रणाली, बजार नियमन र कठोर सुशासन (कण्टकशोधन) मार्फत त्यसलाई संस्थागत र कानुनी रूप प्रदान गर्दछ। यो मोडेलले बजारको स्वतन्त्रता र राज्यको अभिभावकत्व बीच एक सुन्दर सन्तुलन कायम गर्दछ, जसले समृद्धिसँगै सामाजिक न्याय र वातावरणीय दिगोपनको ग्यारेन्टी गर्दछ। नेपाल जस्तो 'समाजवाद-उन्मुख' संवैधानिक संकल्प बोकेको देशका लागि यो मोडेल आयातित पश्चिमा सिद्धान्तको तुलनामा बढी सान्दर्भिक, मौलिक र व्यावहारिक नीतिगत मार्गचित्र हो।

**सुझावहरू**

अनुसन्धानका निष्कर्षका आधारमा नेपालको आर्थिक तथा प्रशासनिक सुधारका लागि देहायका सुझावहरू प्रस्तुत गरिएका छन्:

- *नेपाली समाजवादको मौलिक परिभाषा:* नेपालको संविधानको 'समाजवाद-उन्मुख' संकल्पलाई पश्चिमा मार्क्सवादी कठोरतामा मात्र सीमित नराखी वैदिक साम्यवादको 'सामूहिक हित' र 'नैतिक समृद्धि' को लेन्सबाट पुनः परिभाषित गरिनुपर्दछ।
- *बजारको नियमन (पण्याध्यक्ष मोडेल):* सिन्डिकेट र कृत्रिम मूल्यवृद्धि रोक्न उपभोक्ताको अधिकार रक्षाका लागि अत्यावश्यक वस्तुको मूल्य र नाफाको सीमा (५ देखि १० प्रतिशत) कानुनी रूपमै तोकिनुपर्दछ।
- वित्तीय न्याय र ब्याज नियन्त्रण: मिटरब्याजको शोषण अन्त्यका लागि व्याजदरको कानुनी सीमा र 'दामदुप्पट' को नियम कडा रूपमा लागू गरिनुपर्दछ।
- *चुरे र प्राकृतिक स्रोतको दिगो दोहन:* प्राकृतिक स्रोतलाई निजी नाफाको व्यापारिक वस्तु बनाउन रोकी 'राष्ट्रिय पुँजी' घोषणा गरी अथर्ववेदको दिगो पुनरुत्पादनको सिद्धान्त अनुसार चुरे संरक्षण नीति ल्याउनुपर्दछ।
- सुशासन र डिजिटल अडिट: भ्रष्टाचार नियन्त्रणका लागि कौटिल्यका '४० प्रकारका गफन' नियन्त्रणको संयन्त्रलाई आधार मानी सुक्ष्म डिजिटल अडिट प्रणाली र 'Zero Tolerance' नीति लागू गरिनुपर्दछ।

## लेखक बारे

धर्मशास्त्रमा आचार्य गर्नुभएका उमेश उपाध्याय मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत, नेपालको स्नातकोत्तर  तहमा शोधकर्ता हुनुहुन्छ। उहाँको प्राज्ञिक तथा

अनुसन्धानको रुचि पूर्वीय दर्शन, प्राचीन आर्थिक प्रणाली र कौटिल्लीय शासन प्रणालीमा केन्द्रित छ। उहाँले प्राचीन नैतिक संरचनालाई आधुनिक विकास अर्थशास्त्रसँग जोड्ने विषयमा विस्तृत रूपमा अध्ययन गर्नुभएको छ।

**लेखकओ स्व-घोषणा**

म घोषणा गर्दछु कि यो लेख मेरो मौलिक अनुसन्धान कार्य हो। यो पाण्डुलिपि यसभन्दा अघि कतै पनि प्रकाशित भएको छैन, अन्य कुनै पनि ठाउँमा प्रकाशनका लागि विचाराधीन छैन, र यसमा प्रयोग गरिएका सबै स्रोतहरूलाई APA 7 को निर्देशिका अनुसार उचित रूपमा उद्धृत गरिएको छ। यस लेखको प्राज्ञिक मौलिकता र वैधताको पूर्ण जिम्मेवारी म स्वयम् लिन्छु।

**सन्दर्भ सामग्रीहरू**


कौटिल्य,(१९८४). *कौटिलीयम् अर्थशास्त्रम्*. (वा. गैरोला, सम्पा. एवम् अनु.; तृतीय संस्करण). चौखम्बा विद्याभवन।

कौटिल्य,(२०११).*कौटिल्य अर्थशास्त्र*. (ति. प्र. लुइँटेल, अनु.; पहिलो संस्करण). विद्यार्थी पुस्तक भण्डार।

जोशी, ल (१९५७). *वैदिक संस्कृतिका विकास: वैदिक कालसे लेकर आधुनिक कालतक भारतीय सांस्कृतिक प्रगतिकी तात्विक आलोचना*. (म. दि. पराडकर, अनु.). हिन्दी ग्रन्थ रत्नाकर।

द्विवेदी, ग. प्र.(१८९२). *अष्टादशस्मृतिः भाषाटीकासमेत.* श्रीवेङ्कटेश्वर स्टीम मुद्रणयन्त्रालय।

द्विवेदी, ग. प्र. (१९१७). *मनुस्मृति (मानवधर्मशास्त्र): हिन्दी अनुवाद, टिपोट र अनुक्रमणिका सहित.* नवल किशोर प्रेस।

नरहरिनाथ, योगी (२०१५). *वैदिक साम्यवाद.* गोरक्ष साम्यवाद।

पण्डित, श. पा. (१८९५). *अथर्ववेद संहिता (सायण भाष्य सहित).* गभर्मेन्ट सेन्ट्रल बुक डिपो।

भट्टराई, ख. (२०२३). *कौटिल्लीय अर्थशास्त्र र सुशासन.* साझा प्रकाशन।

महावीर, डा.(२००१). *वैदिक अर्थ-व्यवस्था.* समानान्तर प्रकाशन।

याज्ञवल्क्य (१९६७). *याज्ञवल्क्यस्मृतिः विज्ञानेश्वरको मिताक्षरा भाष्यसहित.* (उ. च. पाण्डेय, सम्पा.). चौखम्बा संस्कृत सिरिज अफिस।

सदानन्द, स्वा. (१९३८).*वेद और साम्यवाद.* सार्वदेशिक आर्य प्रतिनिधि सभा।

साङ्कृत्यायन, रा. (१९५६). *रामराज्य और मार्क्सवाद.* पिपुल्स पब्लिशिङ हाउस।

सातवलेकर, श्री. दा. (सम्पा.) (१९३९). *अथर्ववेद-संहिता.* स्वाध्याय मण्डल।

उपाध्याय, उमेश (२०२४). *Vedic economic principle for development* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). मध्यपश्चिम विश्वविद्यालय।

उपाध्याय, उमेश(२०२५). *वैदिक अर्थशास्त्र र आचार्य कौटिल्य*. [अप्रकाशित शोध प्रबन्ध]. मध्यपश्चिम विश्वविद्यालय।

Bista, R. (2026). मानवताको संरक्षणमा पौरस्त्य धर्मदर्शन र अन्तर्राष्ट्रिय कानुन. *Sambahak: Human Rights Journal, 26*(1), 71-92. https://doi.org/10.3126/sambahak.v26i1.96284

Bist, R. B., & Kandel, R. K. (2025). Writing a research article: Foundational strategies for emerging scholars. Spectrum of *Humanities and Social Sciences, 1*(2), v-xiii. https://doi.org/10.3126/shss.v1i2.87720

Etzioni, A. (1998). *The essential communitarian reader*. Rowman & Littlefield.

Kangle, R. P. (1965). *The Kautilya Arthasastra: A study (Part III)*. Motilal Banarsidass.

Kannoomal, L. (Ed. & Trans.). (1924). *Bārhaspatya Arthaśāstram: Original sutras with Hindi translation and commentary*. Motilal Banarsidass.

Kothari, C. R. (2004). *Research methodology: Methods and techniques* (2nd ed.). New Age International Publishers.

North, D. C. (1990). *Institutions, institutional change and economic performance*. Cambridge University Press.

Sastry, T. V. K. (1950). *Rigveda Samhita: With the commentary entitled Siddhanjana (Vol. 1)*. Sri Aurobindo Ashram.

Sen, A. (1999). *Development as freedom*. Alfred A. Knopf.

Stiglitz, J. E. (2012). *The price of inequality: How today's divided society endangers our future*. W. W. Norton & Company.

Transparency International. (2023). *Corruption perceptions index 2023*. https://www.transparency.org

UNEP. (1987). *Our common future: Report of the world commission on environment and development (The Brundtland Report)*. Oxford University Press.